## मिति २०८१ साल चैत्र २६ गते मंगलबार बसेको नगर कार्यपालिकाको निर्णयहरुः

<table>
<tr><th>निर्णय नं.</th><th>प्रस्ताव/ विषय</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>समीक्षा</td><td>लेटाङ नगरपालिकाको अगिल्लो कार्यपालिका निर्णयहरूको समिक्षा गरियो। निर्णयहरू सन्तोषजनक रहेको पाइयो।</td></tr>
<tr><td>२</td><td>न्यायिक समितिको पुस्तिका अनावर[illegible] ।</td><td>लेटाङ नगरपालिकाको न्यायिक समितिले नगरपालिका गठन पश्चात गरेका कृयाकलाप र असल अभ्यासहरु समावेश भएको लेटाङ न्यायिक समितिको [illegible]रिका २०८१ पुस्तिका अनावरण गर्ने।</td></tr>
<tr><td>३</td><td>आयोजना बैंक सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको आयोजना बैङ्क २०८१ (आ.व. २०८२/८३-२०८६/८७) को स्वीकृत गर्ने।</td></tr>
<tr><td>४</td><td>स्थानीय आर्थिक विकास रणनीतिक योजना सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको आ.व. २०८२/८३- २०८६/८७ सम्मको लागि तयार भएको लेटाङ नगरपालिकाको स्थानीय आर्थिक विकास रणनीतिक योजना स्वीकृत गर्ने।</td></tr>
<tr><td>५</td><td>भु-उपयोग परिषदको निर्णयको अनुमोदन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकास्तरिय भु-उपयोग परिषदको मिति २०८१/१२/०९ गतेको बैठकले सिफारिस गरे बमोजिमको भु उपयोग वर्गिकरण सम्बन्धी निर्णयको अनुमोदन गरी सम्वन्धित निकायमा आवश्यक कार्यार्थ पठाउने ।</td></tr>
<tr><td>६</td><td>आर्थिक बर्ष २०८१/८२ को दोश्रो चौमासिक वित्तीय प्रगति समिक्षा स[illegible]न्धमा।</td><td>लेटाङ नगरपालिकाको आ.व. २०८१/८२ को दोश्रो चौमासिक सम्मको आय र ब्ययका विवरणहरु अनुमोदन गर्ने।
<table>
<tr><th>आय</th><th>प्रतिशत</th><th>व्यय</th><th>प्रतिशत</th></tr>
<tr><td>[illegible]०४८०६८८०।९३</td><td>६५।९३</td><td>२७००८७२६७</td><td>४३।९९</td></tr>
</table></td></tr>
<tr><td>७</td><td>न्युनतम भाडा दर कायम गर्ने सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिका नगर अस्पतालमा आँखा उपचार केन्द्र संचालन गर्नका लागि कोठा भाडामा दिने प्रयोजनार्थ पेश भएको मुचुल्का बमोजिम प्रति वर्गफिट रु ६०।०० कायम गरी डाक बढाबढमा भाडामा दिन सहमति प्रदान गर्ने।</td></tr>
<tr><td>८</td><td>भेरिएसन स्वीकृति सम्वन्धमा ।</td><td>१.लक्ष्मी मा.वि. तला थपको लागि प्राविधिक प्रस्ताव बमोजिम भेरिएसन गर्न पेश भए बमोजिम १८.१० प्रतिशत भेरिएसन गर्न सहमति प्रदान गर्ने ।<br>२.महाभारत मा.वि. तला थपको लागि प्राविधिक प्रस्ताव बमोजिम भेरिएसन गर्न पेश भए बमोजिम १५.३७ प्रतिशत भेरिएसन गर्न सहमति प्रदान गर्ने ।</td></tr>
<tr><td>९</td><td>१७ औ नगरसभाको अधिवेशनका लागि सचिवालय स्थापना र सम्पर्क ब्यक्ति तोक्ने सम्वन्धमा ।</td><td>१७ औ नगरसभाको सचिवालय स्थापना गर्ने र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमका कर्मचारीहरु रहने गरी सचिवालय गठन गर्ने ।<br>संयोजक- प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद सुवेदी<br>सदस्य — अधिकृतस्तर दशौ श्री कृष्णराज राई<br>सदस्य — अधिकृतस्तर आठौं श्री चुडा बोहोरा<br>सदस्य — अधिकृतस्तर आठौं श्री सरोज सुवेदी<br>सदस्य-सचिव — अधिकृतस्तर आठौं श्री चेतनाथ गौतम</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>सचिवालय योजना शाखामा रहने छ र सचिवालयको बैठक आवश्यकता बमोजिम बस्नेछ ।</td></tr>
<tr><td>१०</td><td>प्रधामन्त्री रोजमार कार्यक्रम साझेदारी सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिका अन्तरगत तपसिल बमोजिमका योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गर्न सहमति प्रदान गर्ने ।
<table>
<tr><th>क्र.सं</th><th>योजनाको नाम</th><th>वडा नं</th><th>बजेट</th></tr>
<tr><td>१</td><td>भुवा ग्रामिण बिकास पैनी मर्मत</td><td>६</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>सुकेपोखरी शौचालय निर्माण</td><td>७</td><td>४००००</td></tr>
<tr><td>३</td><td>वडा नं ७ को बिभिन्न स्थानमा तारजाली भर्ने कार्य</td><td>७</td><td>नगरबाट उपलब्ध तारजाली</td></tr>
<tr><td>४</td><td>सुकेपोखरी संरक्षणको लागि ड्राइवाल निर्माण</td><td>७</td><td>नभएको</td></tr>
<tr><td>५</td><td>आहाले विश्रान्ती घाट निर्माण</td><td>९</td><td>१५००००</td></tr>
<tr><td>६</td><td>शिक्षा ज्योती प्रा.वि चमेना गृह निर्माण</td><td>९</td><td>२०००००</td></tr>
<tr><td>७</td><td>श्री मा.वि. जौंते कच्ची भवन मर्मत घेराबारा</td><td>९</td><td>५०००००</td></tr>
</table></td></tr>
<tr><td>११</td><td>नदीजन्य पदार्थको उत्खनन् सम्वन्धमा</td><td>जिल्ला समन्वय समितिको च.नं. २०९ मिति २०८१/१२/१७ गते को पत्र बाट यस नगरपालिका वडा नं. ३ चिसाङ क्रसर उद्योगको उत्तर र दक्षिणका विभिन्न स्थानमा पानीको वहाव हुने क्षेत्र भन्दा बाहिर नदिजन्य पदार्थ ठुलो परिमाणमा उत्खनन् गरेको देखिएकोले सो स्वीकृत आई.ई.ई भित्र हो होईन सो सम्वन्धमा छानविन गरी नियमन गर्न लेटाङ नगरपालिकालाई अनुरोध गर्ने भनी लेखी आएको सम्वन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको प्राविधिक टोली खटाउने ।<br>तपसिल<br>१. ई. भानुभक्त राई<br>२. ई. बिरेन्द्र चौधरी<br>सब ई. निकेश पौडेल</td></tr>
<tr><td>१२</td><td>सार्वजनिक सुनुवाई सम्बन्धमा।</td><td>आ.व. २०८१/८२ को मिति:२०८१।१२।२७ गते बुधबारका दिन महाभारत सामुदायिक वनमा हुने दोश्रो सार्वजनिक सुनुवाई मिति २०८१/१२/२७ मा सम्पुर्ण कार्यपालिका सदस्यहरुको उपस्थितिका लागि जानकारी गराउने ।</td></tr>
<tr><td>१३</td><td>अन्तरधार्मिक शान्ति पार्कको छुट कार्यहरु ( ईलेक्ट्रिकफिकेशन/सेनीटरी</td><td>अन्तरधार्मिक शान्ति पार्क अन्तरगत बोलपत्र आह्वानका बखत लागत अनुमानमा छुट भएका ईलेक्ट्रिफिकेशन र सेनीटरी सम्वन्धी कार्यका लागि प्रचलित खरिद ऐन बमोजिम बोलपत्रको माध्यमवाट खरिद गर्ने र उक्त कार्य</td></tr>
</table>

<table>
<tr><td></td><td>) लगायतका कार्य सम्वन्धमा ।</td><td>सम्पन्न गर्दा लाग्ने श्रम लागत विद्यमान निर्माण व्यवसायीबाट गर्ने गराउने आवश्यक व्यवस्था मिलाउने ।</td></tr>
<tr><td>१४</td><td>आ.व. २०८२/८३ को वजेट सीमा तथा मार्गदर्शन सम्वन्धमा ।</td><td>स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले निर्धारण गरेको वजेट सीमा तथा मार्गदर्शन अनुमोदन गर्ने ।</td></tr>
<tr><td>१६</td><td>थप कक्षा सञ्चालन अनुमति प्रदान गर्ने सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाको शिक्षा शाखावाट प्राप्त प्रतिवेदन बमोजिम तपसिल बमोजिमका विद्यालयहरुमा कक्षा थपका लागि अनुमती प्रदान गर्न सहमति प्रदान गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>हालको अनुमती</th><th>थप सिफारिस कक्षा</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>जौंते प्यारागन ई.स्कुल</td><td>७</td><td>८</td><td>१५२</td></tr>
<tr><td>२</td><td>विलिभर्स ई. स्कुल</td><td>६</td><td>७</td><td>११७</td></tr>
<tr><td>३</td><td>अमरहर्ट मेमोरियल ई. स्कुल</td><td>६</td><td>७</td><td>१२२</td></tr>
</table></td></tr>
<tr><td>१७</td><td>नदीजन्य पदार्थको मौज्दात भेरिफिकेशन गरी राजश्व संकलन सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाक्षेत्रभित्र पाटीखेत लगायतका क्षेत्रमा मौज्दात रहेका नदीजन्य पदार्थको प्रचलित कानून बमोजिम चोरी निकासी नियन्त्रण गर्ने र गर्ने राजश्व असुली गर्ने प्रयोजनका लागि मौज्दात भेरिफिकेशन गरी तोकिएको दस्तुर बमोजिम राज्शव संकलन तथा स्टक प्रमाणित गर्न पूर्वाधार विकास समिति र पुर्वाधार शाखालाई जिम्मेवारी प्रदान गर्ने ।</td></tr>
<tr><td>१८</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका आर्थिक सहायता कार्यविधि २०७७ बमोजिम देहायको आर्थिक सहयोग प्रदान गर्ने।<br>१.लेटाङ नगरपालिका वडा नं ५ सूर्योदय टोलमा बस्ने राजन दमाईको घरमा बेलुकी ५ बजे विद्युत सट भई घरमा आगोलागि भई पूर्ण रूपमा क्षति भएको हुँदा तत्काल आवश्यक सामाग्रीहरू निजलाई राहात स्वरुप उपलब्ध गराएको हुँदा रू १७१२०/- रकम उपलब्ध गराउने। (श्रोतःविपद् व्यवस्थापन कोष)<br>२.लेटाङ नगरपालिका वडा नं २ खैरेनी बस्ने भोलाराम श्रेष्ठ द्वारा संचालनमा रहेको पाथिभरा कृषि फर्म विद्युत सर्ट भई आगोलागि भई फर्ममा क्षति भएकोले उक्त फर्मलाई रू १५०००/- प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>३. लेटाङ नगरपालिका वडा नं ९ बाहगोठे बस्ने स्व. मानबहादुर लिम्बुको जंगली हात्तीको आक्रमणमा परी मृत्यु भएको साथै निज विपन्न परिवार अन्तर्गत</td></tr>
</table>

| | | |
|---|---|---|
| | | रहेकोले निजको परिवारलाई राहत वापत रू५००००/- प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>४. लेटाङ जेसिसलाई २०२५ को क्षेत्र क अध्यक्ष भेला सम्पन्न गर्न आर्थिक सहयोग माग भई आएकाले उक्त कार्य गर्नका लागि रू२५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च)<br>५.लेटाङ नगरपालिका वडा नं ९ निवासी श्री बिकल दाहाललाई बर्ड स्पाइसिस डाइभरसिटि एण्ड कम्पोजिसन विषयमा रिसर्च गर्नका लागि रू८००० आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च) |
| १९ | धर्म संस्कृति भाषा प्रवर्धन सहयोग सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं १ राजारानीमा बर्षेनी बैशाख १ र २ गते लाग्दै आएको ऐतिहासिक धार्मिक मेला (सिरिजात जात्री मेला) सम्पन्न गर्नका लागि सहयोग माग भई आएकाले उक्त धार्मिक मेला प्रवर्धनका लागि रू५००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विभिन्न भाषा संस्कृत तथा पर्व मेला प्रवर्धन विविध खर्च)<br><br>२.लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित शिवालय मन्दिरका लागि शिवरात्री पर्व भव्यताका साथ मनाउन सहयोग माग भई आएकाले उक्त शिवालय मन्दिर समितिलाई रू२५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विभिन्न भाषा संस्कृत तथा पर्व मेला प्रवर्धन विविध खर्च)<br><br>३.लेटाङ नगरपालिका वडा नं ५ को लक्षित महिला समूहलाई नौमती बाजा बजाउन तालिम दिएकोमा उक्त तालिमको निरन्तरता स्वरूप बाजा खरिद गरी वितरण गर्ने कार्यका लागि रू१,४०,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः न्यायीक समितिको विविध खर्च)<br>४. लिम्बु समुदायको भाषा, संस्कृति, संरक्षण गर्नका लागि निर्माण भएको सुगुप चलचित्र प्रर्वधन गर्नका लागि किरात याक्थुम चुम्लुडंग लेटाङलाई रू२५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विभिन्न भाषा संस्कृत तथा पर्व मेला प्रवर्धन विविध खर्च) |
| २० | साझेदारी सम्बन्धमा। | लेटाङ नगरपालिका र लेटाङ बचत तथा ऋण सहकारी संस्थाको ५०/५० प्रतिशन लागत साझेदारीमा सडक दुर्घटना न्यूनीकरण, प्राथमिक उपचार, लागुपदार्थ दुर्वयसनी रोकथाम तथा साइबर क्राइम सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम संचालनका लागि रू१५००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः अन्य संघ संस्थासँग साझेदारी) |
| २१ | वडा समितिको निर्णयको अनुमोदन सम्बन्धमा। | लेटाङ नगरापलिका वडा नं ७ को वडा समितिको निर्णय र सिफारिस बमोजिम वडा नं ७ सिमाना टोल बस्ने श्री अनमोल लिम्बु र अतित लिम्बुको आर्थिक अवस्था कमजोर भएको निजहरूको आमाको मृत्यू भएको साथै वुवा समेत साथमा नभई मामा घरमा संरक्षण भई अध्ययन गर्दै आएकोले निजलाई |

| | | |
|---|---|---|
| | | अध्ययन तथा हेरचाह खर्चका लागि पालन पोषण गर्दै आएका निजको दाजु श्री अमर बहादुर लिम्बुलाई निजहरूको हेरचाह तथा अध्ययनका लागि रू५००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः बिपन्न परिवार बालबालिका अध्ययन सहयोग खर्च ) |
| २२ | छात्रावृति सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ७ को सिफारिस बमोजिम संलग्न अनुसूची-१ बमोजिमको व्यक्तिहरूलाई छात्रावृति प्रदान गर्ने। (श्रोतः वडा नं ७ छात्रावृति खर्च शिर्षक)<br>२.लेटाङ नगरपालिका वडा नं ४ को सिफारिस बमोजिम संलग्न अनुसूची-१ बमोजिमको व्यक्तिहरूलाई छात्रावृति प्रदान गर्ने। (श्रोतः वडा नं ४ को छात्रावृति खर्च शिर्षक)<br>३.लेटाङ नगरपालिका वडा नं-६ को सिफारिस बमोजिम संलग्न अनुसूची-१ बमोजिमको व्यक्तिहरूलाई छात्रावृति प्रदान गर्ने। (श्रोतः वडा नं ६ को छात्रावृति खर्च शिर्षक)<br>४.लेटाङ नगरपालिकाको आ.व.२०८१।८२ को स्वीकृत कार्यक्रम नगरस्तरीय छात्रावृति कार्यक्रम अनुसार अनुसूची-१ मा संलग्न व्यक्तिहरूलाई छात्रावृति खर्च शिर्षकबाट प्रदान गर्ने। (श्रोतः नगरस्तरिय छात्रावृति कार्यक्रम)<br>५.लेटाङ क्याम्पस बाट छनौट तथा वडा नं ५ को सिफारिसको आधारमा वडा नं ५ को आ.व.८१।८२ को स्विकृत कार्यक्रम छात्रावृती शिर्षकबाट रू१०००००- (एक लाख) लेटाङ क्याम्पसलाई प्रदान गर्ने। |
| २३ | कार्यविधि सम्बन्धमा। | लेटाङ नगरपालिकामा आवश्यक देहायको कार्यविधिहरू छलफल गरी स्वीकृत गरियो।<br>देहायः<br>१.कृषि बिकास कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि,२०८१<br>२.नगर पशु अस्पताल संचालन कार्यविधि,२०८१<br>३.निःशुल्क कृत्रिम गर्भधान संचालन कार्यविधि,२०८१<br>४.गरिबि निवारण कोष संचालन कार्यविधि,२०८१<br>५.दुग्ध उत्पादक कृषकहरूलाई बिक्रिमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८१ |
| २४ | बजेट बिनियोजन सम्बन्धमा। | आगामी नगरसभाबाट अनुमोदनका लागि पेश हुने गरी देहायको शिर्षकमा बजेट बिनियोजन गर्ने।<br>१.लेटाङ नगरपालिका वडा नं ८ डाँडा गाँउ शिखरपुर सडक अत्यन्त जीर्ण भएको हुँदा त्यहाँका कृषकहरूले उत्पादक गरेको सामाग्री बजार सम्म ल्याउन कठिन भएकाले उक्त सडक मर्मतका लागि प्राविधि स्टीमेट बमोजिम रू३९२०४५।६ रकम विनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार कोष)<br>२.लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित श्री मा.वि. को कक्षा कोठाको भुई पूर्णरूपमा जीर्ण रहेकोले उक्त भुई ढलाई गरी मर्मत गर्नका लागि प्राविधिक |

| | | |
|---|---|---|
| | | स्टीमेट बमोजिम रू ८४६५९।७३ रकम बिनियोजन गर्ने। (श्रोतः निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार)<br>३.लेटाङ नगरपालिका वडा नं ३ कीर्तिमान बुद्धमार्गीहरू नियमित पूजा आरधाना गरी प्रत्येक बर्ष बैशाख १५ मा उक्त स्थानमा मेला समेत लाग्ने हुँदा उक्त स्थानमा सार्वजनिक शौचालय निर्माण गर्न आवश्यक रहेकाले प्राविधिक स्टीमेट बमोजिम रू १९३६५६।७२ बजेट बिनियोजन गर्ने। (श्रोतः उपलब्ध खर्च शिर्षकबाट)<br>४.लेटाङ नगरपालिका वडा नं १ मा हर्दियामा अवस्थित फुटवल खेलमैदान स्तरउन्नति गर्न आवश्यक रहेकोले उक्त कार्यका लागि प्राविधिक स्टीमेट बमोजिम रू २९३२३०।६२ बजेट बिनियोजन गर्ने। (श्रोतः खेलमैदान स्तरउन्नति)<br>५.लेटाङ नगरपालिका वडा नं ६ मा अवस्थित भुवा ग्रामीण विकास पैनीबाट लेटाङ-६ लाखबारी बस्तीमा सुख्खा क्षेत्र रहेकाले उक्त स्थानसम्म सिचाई सुबिधा पुर्याउनका लागि प्राविधिक स्टीमेट बमोजिम रू ७७६४०५।३२ रकम बिनियोजन गर्ने। (श्रोतः सिचाई पैनीहरूको मर्मत सम्भार)<br>६.लेटाङ नगरपलिकाको क्षमता विकास योजना निर्माण गर्नका लागि स्वीकृत लागत अनुमान रू२९८४७३।५१ पेश भई आएकाले उक्त कार्यका लागि सेवा परामर्श खर्च शिर्षकबाट बजेट बिनियोजन गर्ने।<br>७.लेटाङ नगरपालिका वडा नं ९ को दुर्गा मन्दिर लाई जस्तापाता आवश्यक रहेकोले प्राविधिक लागत अनुमान तयार गरी जस्तापाता खरिद गरी दिने। (श्रोतः कार्यक्रम खर्च) |
| २५ | डिजाइन छनौट गरी स्वीकृत सम्बन्धमा। | लेटाङ नगरपालिका पर्यटन गुरूयोजनाले पहिचान गरेको पर्यटन गन्तव्यहरूमा निर्माण हुने देहायको योजनाका डिजाइनहरूको स्वीकृत गर्ने।<br>देहायः<br>-बाराजी मन्दिर प्रबेशद्धारको डिजाइन<br>-लेटाङ सदरमुकाम प्रवेशद्धारा गेटको डिजाइन<br>-सांस्कृतिक कार्यक्रम प्रस्तुति स्टेज निर्माणको डिजाइन<br>-आरूबोटे पर्यटन गन्तव्य |
| २६ | अर्धवार्षिक बुलेटिन दोश्रो अंङ्क प्रकाशन सम्बन्धमा। | लेटाङ नगरपालिकाको अर्धबार्षिक बुलेटिन दोश्रो अंङ्क प्रकाशनका लागि लेटाङ नगरपालिकामा आ.व.२०७९/८० देखि २०८१/८२ सम्मको दुई देखि चार वटा सफलताको कथा/ लेख/ रचना लेखी पठाउन सबै शाखा/उपशाखा तथा वडा कार्यालयहरूलाई पत्राचार गर्ने तथा छपाई कार्यका लागि देहायको सम्पादन मण्डल तोकी जिम्मेवारी प्रदान गर्ने।<br>देहायः<br>अधिकृतस्तर दशौ श्री कृष्णराज राई - संयोजक<br>शिक्षा अधिकृत श्री सन्जिता खनाल – सदस्य |

| | | |
|---|---|---|
| | | सहयाकस्तर चौथो श्री रवि सुवेदी - सदस्य<br><br>लेख/रचना तथा सफलताको कथा जानकारीमुलक, यथार्थपरक र अधिकतम ५०० शब्दमा हुनुपर्नेछ। सम्पादन मण्डलले मिति:२०८२।०२।१५ गते भित्र छपाईको लागि अन्तिम मस्यौदा पेश गरि सक्नुपर्नेछ।<br><br>छनौट भएको लेख रचना र सम्पादन मण्डललाई नेपाल सरकार नियमानुसार पाउने पारिश्रमिक प्रदान गर्ने। (श्रोत: नगर बुलेटिन प्रकाशन खर्च) |
| २७ | रकम भुक्तानी सम्बन्धमा। | लेटाङ नगरपालिका अन्तर्गत चिसाङ्ग खोलाको पानी हिउँदको समयमा विभिन्न पैनिहरूमा पानी बाँडफाँड गरे वापत श्री काजिमान लिम्बु लाई २०८१ मंसिर देखि जेठ मसान्तसम्मको हाजिरको आधारमा दैनिक रू५०० का दरले भुक्तानी गर्ने। |
| २८ | चुरे सामुदायिक वन सम्बन्धमा। | लेटाङ नगरपालिका वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा प्राप्त देहायको सामुदायिक वनहरूलाई सामुदायिक वन अनुदान कार्यान्वयन कार्यविधि,२०८० बमोजिम अनुदान प्रदान गर्ने।<br>देहाय:<br><table><tr><td>क.सं.</td><td>सामुदायिक वनको नाम</td><td>ठेगाना</td><td>अनुदान रकम</td></tr><tr><td>१</td><td>श्री बावेनी सामुदायिक वन</td><td>लेटाङ-१</td><td>१०००००/-</td></tr><tr><td>२</td><td>श्री शिशिर सामुदायिक वन</td><td>लेटाङ-८</td><td>१०००००/-</td></tr><tr><td>३</td><td>श्री सालविसौनी सामुदायिक वन</td><td>लेटाङ-१</td><td>१०००००/-</td></tr><tr><td>४</td><td>श्री शिवशक्ति सामुदायिक वन</td><td>लेटाङ-८</td><td>१०००००/-</td></tr><tr><td>५</td><td>श्री कुवापानी सामुदायिक वन</td><td>लेटाङ-१</td><td>१०००००/-</td></tr><tr><td>६</td><td>श्री वसन्त सामुदायिक वन</td><td>लेटाङ-५</td><td>१०००००/-</td></tr><tr><td>७</td><td>श्री आकाशे सामुदायिक वन</td><td>लेटाङ-१</td><td>१०००००/-</td></tr><tr><td>८</td><td>श्री पन्चकन्या सामुदायिक वन</td><td>लेटाङ-१</td><td>१०००००/-</td></tr><tr><td>९</td><td>श्री जलेश्वरी सामुदायिक वन</td><td>लेटाङ-१</td><td>१०००००/-</td></tr></table> |
| २९ | योजना कार्यान्वयन सम्बन्धमा। | आगामी नगरसभाबाट अनुमोदन हुने गरी लेटाङ नगरपालिका वडा नं २ को च.नं.९८१ मिति २०८१।१२।२० को पत्रानुसार नौमती बाजा संरक्षण सीप विकास तथा बाजा खरिद शिर्षकमा विनियोजित रकम रू५००००० बाट लेटाङ नगरपालिका वडा नं २ को मा खोप केन्द्र निर्माण गर्न सहमति प्रदान गर्ने। |
| ३० | योजना एकिकृत गरी कार्यान्वयन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ५ को मानविर मार्ग र शिवमार्गमा कल्भर्ट निर्माण र मानविर मार्त स्तरउन्नति र शिव मार्गमा ड्रेन निर्माण शिर्षकमा बिनियोजन गरिएको रकम रू१३००००० लाई एकिकृत गरी मानवीर मार्ग र शिवमार्ग स्तरउन्नति शिर्षक कायम गरी उपभोक्ता समिति मार्फत कार्य गर्नका लागि सहमति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ३१ | सामी परियोजनाका सम्वन्धमा । | लेटाङ नगरपालिका र सामी परियोजना बीच सम्झौता गरी आगामी आर्थिक बर्षदेखी साझेदारी कार्यक्रम संन्चालन गर्न प्रनिवद्धता गरी सहमती प्रदान गर्ने। |
| ३२ | भुक्तानी सम्बन्धमा। | जौंते स्वास्थ्य चौकीमा दैनिक ज्यालादारीमा कार्यरत ल्याव एसिष्टेन्ट श्री लिला भट्टराईलाई पौष महिना देखि चैत्र महिनासम्मको मासिक १४०००।०० दरले जम्मा चार महिनाको ५६०००।०० करार सेवा शुल्क शिर्षकवाट भुक्तानी दिने |
| ३३ | सेवा करार सम्बन्धमा। | वाराङ्गी स्वास्थ्य चौकीलाई अनमी एक जना करार सेवामा मासिक रु २४१७०।०० पारिश्रमिक दिने गरि नियुक्तीमा प्रकृया अगाडी बढाउने । |
| ३४ | थप कक्षा सञ्चालन अनुमती प्रदान गर्ने सम्वन्धमा । | लेटाङ नगरपालिकाको शिक्षा शाखावाट प्राप्त प्रतिवेदन बमोजिम तपसिल बमोजिमका विद्यालयहरुमा कक्षा थपका लागि अनुमती प्रदान गर्न सहमति प्रदान गर्ने । |
| ३५ | विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग सम्बन्धमा। | लेटाङ नगरपलिका ४ नं वडा कार्यालयको सिफारिसमा संलग्न अनुसूची २ बमोजिमको व्यक्तीहरूलाई आर्थिक सहयोग प्रदान गर्ने। |

(३४ को तपसिल)

| सि.नं. | विद्यालयको नाम | हालको अनुमति | थप सिफारिस कक्षा | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | जौंते प्यारागन ई.स्कुल | ७ | ८ | १५२ |
| २ | विलिभर्स ई. स्कुल | ६ | ७ | ११७ |
| ३ | अमरहर्ट मेमोरियल ई. स्कुल | ६ | ७ | १२२ |

अनुसूची १ छात्रावृति

| क्र.सं | नाम थर | वडा नं | रकम |
|---|---|---|---|
| १ | निश्चल भुजेल | ४ | १०००० |

| | | | |
|---|---|---|---|
| २ | मौसम दर्जी | ४ | १०००० |
| ३ | तनुजा भुजेल | ४ | १०००० |
| श्रोत(लेटाङ नगरपालिका वडा नं ४ को छात्रावृति खर्च शिर्षकबाट) | | | |
| क.सं | नाम थर | वडा नं | रकम |
| १ | सुजता राई | ७ | ८००० |
| २ | मोनीका राई | ७ | ९००० |
| ३ | अजय राई | ७ | ८००० |
| (श्रोतः लेटाङ नगरपालिका वडा नं ७ को छात्रावृति खर्च शिर्षकबाट) | | | |
| क.सं | नाम थर | वडा नं | रकम |
| १ | मेघ खत्री | ६ | ६००० |
| २ | महिमा लावती | ६ | ६००० |
| ३ | रोमी लिम्बु | ६ | ६००० |
| ४ | लाङदेन तामाङ | ६ | ६००० |
| (श्रोतः लेटाङ नगरपालिका वडा नं ६ को छात्रावृति खर्च शिर्षकबाट) | | | |
| १ | प्रिया लिम्बु | ९ | ८००० |
| २ | सुदेश लिम्बु | ७ | १०००० |
| ३ | भुमिका लिम्बु | ७ | १०००० |
| ४ | रिमा कुरूङवाङ | ९ | १०००० |
| ५ | खुशी लिम्बु | ६ | १०००० |
| (श्रोतः लेटाङ नगरपालिका छात्रावृति खर्च शिर्षकबाट) | | | |

अनुसूची २ विपन्न नागरिक स्वास्थ्य उपचार खर्च

| क.सं | नाम थर | वडा नं | रकम |
|---|---|---|---|
| १ | कविता राई | ४ | १०००० |
| २ | सुन्दर साँवा | ४ | १०००० |
| ३ | फुरूम दोर्जे तामाङ | ४ | १०००० |
| (श्रोतः लेटाङ नगरपालिका वडा नं ४ को विपन्न नागरिक स्वास्थ्य उपचार खर्च शिर्षकबाट) | | | |